Regd. No. 934/062/63
Pan No.: 500103814


# Arun Valley Hydropower Development Company Ltd.

G.P.O. Box 11039, Thapathali, Kathmandu, Nepal
Head Office : - Tel.: 977-1-5111086
E-mail : arunvalley2054@gmail.com, Website: www.arunhydro.com.np


च. नं. ६० 2065/08

मिति: २०८०/०२/२२

श्री नेपाल स्टक एक्सचेन्ज लि.,
सिंहदरवार प्लाजा,
काठमाडौं ।

**विषय: शेयर दर्ता किताब बन्द गर्ने सम्बन्धमा ।**

महोदय,

यस कम्पनीको मिति २०८० जेठ २१ मा बसेको समितिको बैठकले (बैठक संख्या २५-०४) कम्पनीको विशेष साधारण सभा मिति २०८० आषाढ ०७ गते बिहिबार, मैत्री हल, इन्द्रेणी कम्प्लेक्स, नयाँ बानेश्वर, काठमाडौं मा विहानको ११ बजे गर्ने निर्णय भयो । साधारण सभा कालागि शेयर **दर्ता किताब बन्द** (Book Close) **जेठ ३०** गते एक दिन गर्ने निर्णय गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ । साधारण सभाको सम्बन्धि सूचना यसै साथ संलग्न छ ।

भवदीय,

....................
(रञ्जु अधिकारी)
कम्पनी सचिव

**बोधार्थ :**
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, काठमाण्डौ ।
श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
श्री कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौ ।

# अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड

ट्रेड टावर नेपाल, दोस्रो तल्ला थापाथली-११, काठमाण्डौ
फोन नं.०१-५१११०८६, फ्याक्स नं.०१-५१११०३९ पो.ब.नं.११०३९
email: arunvalley2054@gmail.com

को

## विशेष साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०२/२२**

यस कम्पनीको मिति २०८०/०२/२१ मा बसेको सञ्चालक समितिको बैठक संख्या २५-०४ को निर्णय अनुसार कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान**

**मिति** : २०८० असार ७ गते बिहिबार (22th June, 2023)

**समय** : विहान ११:०० बजे ।

**स्थान** : मैत्री हल, इन्द्रेणी कम्प्लेक्स, नयाँ बानेश्वर, काठमाडौं ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषय सूचीहरु**

**(क) विशेष प्रस्ताव :**

१. लिखु खोला जलविद्युत आयोजनामा लगानी गर्न र काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाको ऋण भुक्तानीका लागि १:१ अनुपातमा हकप्रद शेयर (Right Share) निष्काशन गर्ने सम्बन्धमा ।
२. हकप्रद शेयर वितरण पश्चात् कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएकाले कम्पनीको प्रबन्धपत्र तथा नियमावलीका आवश्यक दफाहरु संशोधन गर्ने सम्बन्धमा ।
३. हकप्रद शेयर जारी गर्ने कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्टारको कार्यालय लगायत नियमनकारी निकायमा आवश्यक कार्य गर्न कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
४. कम्पनीको नियमावली तथा प्रबन्धपत्रमा आवश्यक संशोधन गरि कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्विकृत लिने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**(ख) विविध :**

## विशेष साधारण सभा सम्बन्धी जानकारीहरू:

१) शेयर धनीहरुको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका विहान १०:०० बजेबाट खुल्ला गरिनेछ ।
२) साधारण सभामा उपस्थित हुने शेयरधनीहरूले आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको कुनै प्रमाण पत्र वा हितग्राही खाता (Demat Account Statement) खोली शेयरको अभौतिकरण गरिएको विवरण देखिने (Demat Account Statement) वा साथमा शेयर प्रमाण पत्र लिई सभामा भाग लिन हुन अनुरोध छ ।
३) साधारण सभा प्रयोजनको लागी मिति २०८० जेठ ३० गते मंगलबार एक दिनका लागि शेयरधनी दर्ता किताव बन्द रहनेछ । मिति २०८० जेठ २९ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा नियमानुसार कारोबार भई सि.डि.एस एण्ड क्लियरिङ्ग लिमिटेडबाट् राफसाफ समेत भई प्रचलित नियमानुसार यस कम्पनीको शेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा रहेको शेयरधनी दर्ता किताबमा अद्यावधिक भई कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन सक्नेछन ।
४) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनीको कानूनले तोकेको ढाँचा अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधि पत्र स्वतः बदर हुनेछ ।
५) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।
६) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धि कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्य दिन अगावै कम्पनी सचिव मार्फत् सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने/नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहित हुनेछ ।
७) विशेष साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिस्टर्ड कार्यालय दोस्रो तल्ला, ट्रेड टावर नेपाल, थापाथली, काठमाण्डौ वा शेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारीको लागि कम्पनीको वेबसाइट www.arunhydro.com.np बाट प्राप्तगर्न सक्नु हुनेछ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**